नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको

## अनुरोध

नेपालको संविधानको धारा ३४ को उपधारा २ मा उचित पारीश्रमिक सुविधा तथा योगदानमा आधारीत सामाजिक सुरक्षाको हक हुनेछ भन्ने व्यवस्था छ । सोही अनुरुप नेपालमा पहिलोपटक श्रमिक र तिनका आश्रित परिवारको लागि मिति २०७५ मंसिर ११ गते सम्माननीय प्रधानमन्त्री के पि शर्मा ओलीज्यूबाट सामाजिक सुरक्षा योजना शुभारम्भ गर्न लागेको सहर्ष जानकारी गराउछौं । यसले देशमा सामाजिक सुरक्षाको नयाँ युगको सुरुवात गर्नुका साथै दीगो व्यवसायिक वातावरण अशल श्रम सम्वन्धको निर्माण र आम श्रमिकका मर्यादित जीवनको लागि सर्वाधिक महत्व राख्दछ ।

**सहभागिता, योगदान र समाजिक सुरक्षा**को मर्मबमोजिम औषधिउपचार, स्वास्थ्य एवं मातृत्व सुरक्षा, दुर्घटना तथा अशक्तता सुरक्षा र आश्रित परिवारको सुरक्षा र वृद्धा अवस्थाको सुरक्षा समेटिएका छन । श्रमिक र रोजगारदाताले गरेको योगदानले श्रमिकको सुरक्षित भविष्य सुनिश्चित गरी सबै श्रमिकलाई लाभ पुग्ने विश्वासउ लिइएको छ । यो योजनालाइ उत्साहको, उत्सव मनाउँदै देशले सामाजिक सुरक्षा दिवसलाइ भव्ताका साथ मनाउन हार्दिक अनुरोध गर्दछौ ।

सामाजिक सुरक्षा योजना शुभारम्भ हुने ऐतिहासिक समारोहको व्यापक प्रचार प्रसारका गरिदिनुहुन सम्पूर्ण संचारमाध्यमलाई हार्दिक अनुरोध गर्दछौं । योजना शुभारम्भ सँगै सामाजिक सुरक्षा दीवसलाई उत्सवका रुपमा मनाउन सबै सरकारी र गैरसरकारी संघसंस्थालाई समेत सादर अनुरोध गर्दछौ । २०७५ मंसिर ११ गते विहान ११:३० बजे नेपाल प्रज्ञा प्रतिष्ठान कमलादीमा सम्माननीय प्रधानमन्त्रीज्यूबाट शुभारम्भ हुने समारोहमा सहभागी हुन सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीहरुमा हार्दिक अपिल गर्दछौं ।

डा. नारायणप्रसाद रेग्मी
सहसचिव तथा प्रवक्ता